# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन १६ गते

(दोस्रो पटक ४:५० बजे जारी )

<u>तीस दलीय गठनबन्धनको जनशक्ति प्रदर्शन</u>

## मानव अधिकारको पालना गर

तीस दलीय गठबन्धनले आयोजना गरेको जनशक्ति प्रर्दशनको क्रममा प्रहरी र प्रदर्शनकारीबीच भएको झडप र त्यसमबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी एकनारायण अर्यालका अनुसार जुलुसले नयाँबानेश्वरस्थित सिभिल अस्पताल नजिक निषेधित क्षेत्र उल्लङ्घन गर्न खोज्दा दुई पक्षबीच झडप भएको हो ।

आयोगको अनुगमन टोलीबाट प्राप्त जानकारी अनुसार भीड नियन्त्रण गर्ने क्रममा प्रहरीले लाठी चार्ज गर्नुका साथै पानीको फोहोरा र अश्रुग्यास प्रयोग गरेको थियो । हालसम्म प्राप्त जानकारी अनुसार झडपका क्रममा प्रदर्शनकारी तथा सर्वसाधारण गरी ४५ जना घाइते भएका छन् भने प्रहरीतर्फ १६ जना घाइते भएका छन् । घाइतेहरूको सिभिल अस्पताल, कान्तिपुर अस्पताल, वीर अस्पताललगायतका अस्पतालमा उपचार भइरहेको छ ।

आयोगका सदस्य (अनुगमन टोली प्रमुख) सुदिप पाठकले सरकार र प्रर्दशनकारी दुवैलाई संयमित रहन आग्रह गर्नुभएको छ ।

घाइतेहरूको औषधोपचारको उचित व्यवस्था गर्न एवम् भविष्यमा हुने आमसभा तथा जुलुसको स्थान, रूट र समयबारे नागरिकलाई सही समयमा सही जानकारी दिन पनि आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।

*नोटः आयोगद्वारा यसभन्दा अघि जारी प्रेस नोटमा शनिबार बिहान ११:३० बजेसम्मको अवस्था सामान्य रहेको उल्लिखित थियो । अनुगमनबारे विस्तृत विवरण आयोगको प्रतिवेदनमा आउनेछ ।*



.....................

मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org